# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाह्रविसे, सिन्धुपाल्चोक

प.सं. ०८१/०८२
च.नं. २०२६

**<u>गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुने सम्वन्धी सूचना</u>**

**<u>प्रथम पटक प्रकाशन मिति २०८१/१२/२७</u>**

बाह्रविसे नगरपालिका र बागमती प्रदेश समाजिक विकास मन्त्रालय समाजिक विकास कार्यालय धुलिखेल बीच भएको सम्झौता अनुसार आ.व.२०८१/०८२ मा गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्र भित्रका गृहिणी महिलाहरु तथा गृहिणी महिला समूहको लागि देहायका सिपमुलक तालिमहरु सञ्चालन गरिने भएकोले तोकिएको योग्यता पुरा भएका ईच्छुक महिलाहरुले देहायका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तालिम लिन चाहेको विषय क्षेत्र छनौट गरी सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचन प्रकाशित गरिएको छ ।

तपिशलः

१. <u>गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने तालिमको विषय क्षेत्र ।</u>

- ✓ ब्यूटिसियन तालिम
- ✓ अचार र गुन्द्रुक बनाउने
- ✓ कृषि सेवा सम्बन्धी तालिम
- ✓ मौरीपालन
- ✓ घरेलु उद्योग ब्यवसाय
- ✓ हस्तकला तथा तयारी पोषाक
- ✓ विद्युतिय वायरिङ

२. <u>तालिमको लागि छनौट गरिएका वडाहरु</u>

- ✓ बाह्रविसे नगरपालिका वडा नं.१,२,३,४,५ वडाहरु ।

३. <u>तिलममा सहभागिहुने योग्यताः</u>

- ✓ बाह्रविसे नगरपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्नेछ ।
- ✓ २० देखी ५५ वर्ष उमेर समूकका विपन्न, दलित, अल्पसंख्यक, महिला, शहिद परिवार, एकल महिला र आर्थिक रुपमा विपन्न गृहिणी महिला हुनुपर्नेछ ।

४. <u>आवश्यक कागजातहरुः</u>

- ✓ सम्बन्धित व्यक्तिको निवेदन
- ✓ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा अन्य परिचय खुल्ने कागजातहरु
- ✓ तालिम लिन ईच्छुकको पासपोर्ट साईजको फोटो ।

<u>बोधार्थ/ कार्यार्थ</u>

श्री वडा कार्यालयहरु १२३४५ पेश भएका निवेदन तोकिएको मिति भित्र शाखामा पेश गरि सहयोग गरिदिनुहुन ।

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय वा यस कार्यालयको महिला बालबालिका शाखामा सम्पर्क गर्न सकिन्छ ।

..........................

प्रमुख प्रशासकीय अधिकृत